# पाँचौ बार्षिक साधारण सभा सम्बन्धी सूचना

**जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड**
**बबरमहल, काठमाडौं**

**(प्रथम पटक प्रकाशित मिति २०७३।०९।०९)**

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७३।०९।०८ गते बसेको संचालक समितिको १४७ औं बैठकको निर्णायानुसार यस कम्पनीको पाँचौं वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावली २०६८ को नियम १८(४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, समय र स्थान**

१) मिति २०७३।०९।२९ गते शुक्रबार (January 13, 2017)
२) समय : विहान ११:०० वजे
३) स्थान : आर्मी अफिसर्स क्लव, भद्रकाली, काठमाडौं ।

**छलफलका विषय सूचीहरू:**

**(क) साधारण प्रस्ताव:**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले कम्पनीको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरिक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात, आ.व. २०७२/७३ को नाफा नोक्सान हिसाब र नगदप्रवाह सहितको वित्तीय विवरणहरू (अनुसूची समेत) छलफल गरी पारित गर्ने ।
३) महालेखापरिक्षकको कार्यालयबाट परामर्श प्रदान गरिएबमोजिम चालु आ.व. २०७३/७४ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) कम्पनीको सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न सञ्चालक पद १ को लागि निर्वाचन गर्ने ।
५) कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम चुक्ता पूजिंको पाँच प्रतिशत (कर समेत) का दरले नगद लाभांस वितरण गर्न स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव:**

(१) कम्पनीको प्रबन्धपत्र, नियमावली तथा संचालनका नीतिगत आधारमा थप व्यवस्था तथा संशोधन गर्ने ।

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१) यस कम्पनीको पाँचौ बार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति २०७३।०९।१७ देखि २०७३।०९।२१ गतेसम्म बन्द रहने छ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति २०७३।०९।१६ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको कारोबारबाट शेयर खरिद गरी शेयरधनी पुस्तिका बन्द भएको मितिले ७ सात कार्य दिन सम्म नामसारी तथा दाखिल खारेजका लागि आवश्यक कागजात सहित यस कम्पनीको शेयर रजिस्ट्रार श्री ग्लोवल आइएमई क्यापिटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल काठमाण्डौमा पेश भएको विवरणको आधारमा कायम भएका शेयरधनीहरु मात्र पाँचौं साधारण सभामा भाग लिन योग्य मानिने छन् ।
२) बार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले हितग्राही खाता (Demat) खोलिएको, शेयर प्रमाण पत्र र आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
३) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधिपत्र ( प्रोक्सी फारम ) भरी प्रतिनिधि नियुक्त गरी सभा सुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनीको कार्यालय, बबरमहलमा दर्ता गराई सक्नु पर्नेछ । आफ्नो शेयर विभाजन गरी वा नगरी एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि नियुक्त गरेमा वा अन्य कुनै किसिमवाट छुट्याएर दिएको प्रोक्सी स्वत: बदर हुनेछ ।
४) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिइँ अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छ यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।
५) नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नुहुनेछ ।
६) प्रकरण १ मा उल्लेख गरे बमोजिम शेयरधनी दर्ता कितावमा कायम भएका शेयरधनीहरु मात्र सो सभामा हुने सञ्चालक पद १ को निर्वाचनमा उमेद्वार/मतदाता तथा सो सभाबाट परित लाभांस रकमको हकदार हुनेछन् । तर उमेद्वार हुन न्युनतम १०० कित्ता साधारण शेयर धारण गरेको हुन पर्ने छ ।
७) शेयरधनी महानुभावहरु सभास्थलमा आउँदा सकेसम्म झोला तथा अन्य बस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक ठानेमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।
८) साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कम्पनीको कार्यालय, बबरमहल, काठमाण्डौमा सम्पर्क गर्नु हुन वा website : www.hidcl.org.np मा हेर्नु हुन अनुरोध छ ।

**आज्ञाले,**
**कम्पनी सचिव**
**जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड**